छलफल एवं निर्णयहरु :

१. यस जिल्लाको छैठौं जिल्ला सभा मिति २०७९।०३।२६ गते बैठक बसी समापन भएको थियो । उक्त जिल्ला सभामा छलफल भएका विषय एवं निर्णयहरु सम्वन्धमा छलफल गरियो ।

२. उक्त जिल्ला सभाको वैठकको निर्णय नं.६ मा उल्लेख यस कार्यालयको नाममा ज.ध.प्र.पुर्जा भएको पुरानो अतिथि गृहको भवनमा अजयमेरु बोडिङ्ग स्कुललाई यस अघिको निर्णय अनुसार मर्मत सम्भार गरि प्रयोगमा ल्याउन मासिक दश हजारका दरले भाडामा उपलब्ध गराउने गरि सम्झौता गरि दिएकोमा उक्त भवनको मर्मत सम्भार एवं संरक्षण अपेक्षित ढगले नभएको विषयमा पुन: छलफल गरियो । उक्त अतिथि गृहको भवनलाई थप मर्मत सम्भार एन्‌ संरक्षण गर्न वैकल्पिक व्यवस्था मिलाए पश्चात उक्त बोडिङ्ग स्कुललाई अन्यत्र व्यवस्थापन गर्न अनुरोध गर्ने निर्णय गरियो ।

३.यस चालु आ.व.२०७९।०८० का लागि नेपाल सरकार,संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय मार्फत जि.स.स. कार्यालयलाई शीर्षगत रुपमा कार्य संचालनका सन्दर्भमा प्राप्त वजेट तथा कार्यक्रमका विषयमा छलफल गरियो । उक्त सम्वन्धमा नेपाल सरकारले तोकेको PAMS तथा CGAS प्रणाली अनुरुप कार्य अघि वढाउन जि.स.स.को कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

४.मिति २०७७।०५।०१ मा रु १५,४४,४००। RVWRMP वाट घर वहाल वाफ्त प्राप्त भएको रकम संघीय संचित कोषमा दाखिला गर्नु पर्नेमा विविध खातामा आम्दानी जनाई राखिएकोले उक्त रकम संघीय संचित कोषमा दाखिला गर्नु पर्ने भन्ति म.ले.प. प्रतिवेदन २०७७।०७८ ले वेरुजु औल्याईएको तथा आ.व. २०७८।०७९ को घर वहाल वाफ्त प्राप्त रु १३,५१,३५० (अक्षेरेपी तेह्र लाख एकाउन्न हजार तिन सय पचास मात्र ) रकम विविध खातामा जम्मा गरि आम्दानी जनाई राखिएकोले घर वहाल वाफ्त दुवै आ.व.मा विविध कोष खातामा आम्दानी जनाई राखिएको रकम रु २८,९५,७५० (अक्षेरेपी अट्ठाइस लाख पन्चानव्वे हजार सात सय पचास मात्र ) संघीय संचित कोष खातामा जम्मा गर्न जि.स.स. कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

५. हालै जि.स.स.को कार्यालयमा लो.से.आयोग राजपुर,डोटीको सिफारिस वमोजिम नियुक्त भै हाजिर हुनु भएका नेपाल ईन्जिनियरिङ्ग सेवा ,सिभिल समुह,जनरल उपसमुह सव ईन्जिनियर श्री भुवन वहादुर चौधरी लाई यस कार्यालयमा स्वागत गर्ने र निजलाई अर्को व्यवस्था नभए सम्म कार्यालयको परिसर भित्र शहरी विकास तथा भवन डिभिजन कार्यालय,डोटी मार्फत निर्माण शुरु भैरहेको जिल्ला सभाहल निर्माण कार्यमा आवश्यक समन्वय गर्न समितिको मिति २०७९।०३।२६ को निर्णय अनुसार जि.स.स.सदस्य श्री सञ्जय जैरु( दमाई) को संयोजकत्वमा गठित कार्यदलको सदस्यको रुपमा थप गरी उक्त निर्माण कार्यलाई दिगो एवं गुणस्तरिय बनाउन निरन्तर निगरानी, सुपरिवेक्षण एवं समन्वय गर्न जिम्मेवारी तोक्ने निर्णय गरियो ।